प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष–१६ ।। अङ्क : ३१८ ॥ २०८१ पुष २४ गते बुधबार (8th Jan 2025 Wednesday) Pratidin National Daily मूल्य–रु.५/–

**जथाभावी औषधीको प्रयोग नगरौं**

- जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,
- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कांग्रेसको कचनकवल–सगरमाथा जागरण अभियान आज



झापा(प्रस) । नेपाली कांग्रेस कोशी प्रदेश समितिको आयोजनामा आजदेखि कचनकवल - सगरमाथा जागरण अभियान शुरु हुँदैछ । नेपालको सबैभन्दा होचो भूभाग कचनकवल स्तम्भमा सो अभियान शुरु हुन लागेको हो । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौला ,कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मालगायतका नेताहरुले अभियान शुभारम्भ गर्ने भएका छन् । अभियानमा कोशी प्रदेशका १४ जिल्लाका नेता कार्यकर्ता सहभागी हुने पार्टीका झापा क्षेत्र नम्बर ३ का सचिव गिताप्रसाद भट्टराईले जानकारी दिए। अभियानमा धेरै नेता कार्यकर्ताको उपस्थिति रहने जनाइएको छ। सो अभियान आगामी असार २० गते विश्वकै अग्लो चुचुरो सगरमाथामा पुगेर समापन गरिने नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले बताए। उनले संगठन सुदृढीकरण,ऐतिहासिक खोज,सम्वृद्धिको आधार , जलवायु परिवर्तन प्रभाव र पहिचानको उद्धेश्य राखेर अभियान संचालन गर्न लागिएको जानकारी दिए। अभियानले नेपालको होचो भूभाग कचनकवलको समग्र विकासलाई समेत अगाडि पुर्याउन सहयोग पुग्ने बिश्वास लिइएको छ। अभियान सात महिनासम्म चल्ने छ। 'कोशी प्रदेशका १४ वटै जिल्लामा अभियानअन्तर्गत कार्यक्रम हुने छन्' सभापति थापाले भने,'कोशी प्रदेशको प्राकृतिक, सांस्कृतिक र सामाजिक पक्षहरूको महत्वलाई अभियानका क्रममा उजागर गरिनेछ, समग्र प्रदेशको विकास, एकता र समृद्धिको सन्देशलाई अझ बलियो बनाउने हाम्रो अपेक्षा हो ।' संगठन सुदृढीकरण, पार्टीमा गुट-उपगुटको अन्त्य, भ्रातृत्वको सहअस्तित्व स्थापित गर्दै पार्टीलाई थप मजवुत र चलायमान बनाउन अभियानले महत्वपूर्ण भूमिका खेल्ने सभापति थापाको बिश्वास छ। अभियानका लागि कचनकवल स्तम्भमा तयारी पूरा भएको जनाइएको छ।

समुन्द्र सतहदेखि ५८ मिटर उचाईमा नेपालकै होचो भूभागमा कचनकवल स्तम्भ रहेको छ। अभियान शुभारम्भका अवसरमा निःशुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको छ ।

# दिनभरिको अवरोधपछि खुल्यो बिर्तामोड-चन्द्रगढी सडक

झापा(प्रस)।झापाको बिर्तामोडबाट चन्द्रगढी जोड्ने निर्माणाधिन सडकखण्ड दिनभरिको अवरोधपछि साँझपख खुलेको छ। सडक ठेक्का लिने निर्माण व्यवसायीसंग सहमति भएपछि गरामनीका उपभोक्ताहरुले अवरोध हटाएका हुन् । निर्माण व्यवसायी केदार गिरीले सो सडकखण्डमा धुलो उडेकाले धुलो नियन्त्रणका लागि पाँच दिन पानी हाल्ने सहमति भएको छ। त्यस्तै बजेटको अभावमा निर्माण व्यवसायीले काम गर्न नसकेको अबस्थामा त्यसका लागि सभामुख देवराज घिमिरेसमक्ष ज्ञापनपत्र बुझाउँदै अलपत्र सडक पुनर्निर्माणका लागि पहल गर्न अनुरोध गर्ने सहमतिसमेत भएको छ। सडक लथालिङ्ग अबस्थामा छोडी सडकमा पूर्णरुपमा धुलो धुवाँ उडेका कारण गरामनी क्षेत्रका आम उपभोक्ताहरुको स्वास्थ्यमा समस्या भएपछि उनीहरुले मध्यान्हदेखि सडक अवरुद्ध पारेका थिए। जनप्रतिनिधिहरु बिर्तामोड ७ का अविरल कृष्ण खरेल , ८का अजय कार्की , ९ का हरिप्रसाद चम्लागाँई , उपभोक्ताका तर्फबाट हरिकुमार पाण्डे , राजकुमार संग्रौला , अनिल गौतम , किशोर भट्टराईलगायतको रोहवरमा निर्माण व्यवसायी गिरीले संझौता गरेका हुन् । उपभोक्ताहरुले सडकमा फलामको बिजुलीको पोल राखी बिर्तामोड-भद्रपुर सडकखण्ड अबरुद्ध पारेका थिए। सवारी साधनहरुले भने बैकल्पिक सडकबाट आवतजावत गरेका थिए।

# गलत पोस्टमार्टम रिपोर्ट दिने चिकित्सकलाई कार्वाही गरिने



झापा(प्रस) । गलत पोस्टमार्टम रिपोर्ट दिने प्रादेशिक अस्पताल भद्रपुरका चिकित्सकलाई कार्वाही गरिने भएको छ ।

अस्पताल प्रशासनले गलत पोस्टमार्टम रिपोर्ट दिने डा. केवल कपुरीलाई कार्वाही गर्ने बताएको हो । बिर्तामोड नगरपालिका-८ स्थित सुकुम्वासी टोल जाने भित्री सडकखण्डमा बा ७५ प ९११५ नम्बरको मोटरसाइकलको ठक्करबाट शनिबार साँझ साढे ६ बजे सोही ठाउँका ५३ वर्षीय चित्रहाङ श्रेष्ठ घाइते भएका थिए। दुर्घटनापश्चात् दुवै पक्षको सहमतिमा सामान्य उपचारपछि घाइते श्रेष्ठ घर फर्किएका थिए। आइतबार बिहान आफ्नै घरको कोठामा सुतिरहेको अवस्था उनी मृत फेला परेका थिए। त्यसपछि प्रहरीको समन्वयमा परिवारजनले उनको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पुर्याएका थिए। प्रादेशिक अस्पतालका मेडिकल अफिसर डा. केवल कपुरीले मृतकको पोस्टमार्टम गरेका थिए। डा. कपुरीले गरेको पोस्टमार्टममा उनको मृत्यु दुर्घटनाबाट नभई निमोनियाबाट भएको रिपोर्ट दिएपछि आफन्त तथा परिवारजन आक्रोशित भएका थिए। आफन्त र परिवारजन आन्दोलित भएपछि काठमाडौमा रहेका अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काले फोनमार्फत गलत रिपोर्ट दिने डा.कपुरीलाई कार्वाही गर्ने आश्वासन दिएको बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीले जानकारी दिए।

पोस्टमार्टम रिपोर्ट सच्याएपछि मात्र परिवारले सोमवार शव बुझेका थिए। दुर्घटना गराउने मोटरसाइकल र मोटरसाइकल चालक बिर्तामोड-८ बस्ने २५ वर्षीय बुद्ध बस्नेतलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको जनाइएको छ।

# तिब्बत भूकम्पमा ९५ जनाको मृत्यु, १३० भन्दा बढी घाइते



एजेन्सी । चीनको तिब्बतमा गएको भूकम्पमा कम्तीमा ९५ जनाको मृत्यु भएको छ। चिनियाँ सञ्चारमाध्यम सीजीटीएनका अनुसार चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टीमा मंगलबार बिहान गएको भूकम्पमा परी घाइते हुनेको संख्या १३० नाघेको छ । भूकम्पका कारण हजारभन्दा बढी भवन क्षतिग्रसत भएका छन् ।


मंगलबार बिहान स्थानीय समयअनुसार नेपालको उत्तरपूर्वी सीमानजिकै चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टी केन्द्र भएर भूकम्प गएको हो । भूकम्प मापनसम्बन्धी चीनको आधिकारिक निकाय चाइना अर्थक्वेक नेटवर्क्स सेन्टरका अनुसार स्थानीय समयअनुसार बिहान ९ बजेर ५ मिनेट जाँदा ६.८ म्याग्निच्युडको भूकम्प गएको हो । सेन्टरका अनुसार भूकम्पको उद्गम बिन्दु( गहिराइ) १० किलोमिटर रहेको छ ।

सीसीटीभीका अनुसार भूकम्पको केन्द्रबिन्दुको ५ किलोमिटर आसपासमा ७ वटा गाउँ रहेका छन् । त्यस्तै केन्द्रबिन्दुको २० किलोमिटर आसपासमा भने २ वटा सहर रहेका छन् । भूकम्पका कारण भवनहरू भत्किएको भिडियो र तस्बिरहरूसमेत सार्वजनिक भएका छन् । चिनियाँ सञ्चारमाध्यमहरूका अनुसार भूकम्प प्रभावित क्षेत्रमा राहत र उद्धार टोली खटिइसकेका छन् । यूएस जियोलोजिकल सर्भेले भने उक्त भूकम्पको मापन ७.१ म्याग्निच्युड रहेको जनाएको छ। नेपालको राष्ट्रिय भूकम्प मापन केन्द्रले ७.० म्याग्निच्युडको भूकम्प गएको जनाएको छ । भूकम्पको धक्का नेपालका विभिन्न जिल्लासँगै भुटानको थिम्पु, भारतको बिहार र बंगलादेशसम्म पनि महसुस गरिएको समाचारहरू आएका छन् ।यसअघि सन् २००८ मा चीनको सिचुवान प्रान्तमा ७.८ म्याग्निच्युडको भूकम्प जाँदा कम्तीमा ७० हजार जनाको मृत्यु भएको थियो । त्यस्तै नेपालमा २०७२ साल वैशाख १२ गते ७.६ म्याग्निच्युडको गोरखा भूकम्पमा परी करिब ९ हजारको मृत्यु भएको थियो । यसैबीच चीनमा मंगलबार बिहान सिचाङ स्वायत्त क्षेत्रको डिङ्गी काउन्टीमा गएको ६.८ म्याग्निच्युडको भूकम्पपछि सगरमाथा क्षेत्र(चोमोलोङ्मा) अस्थायी रूपमा बन्द गरिएको छ । डिङ्गी संस्कृति तथा पर्यटन ब्युरोका अनुसार चोमोलाङ्मा क्षेत्रमा होटल भवन र वरपरको क्षेत्र अस्तव्यस्त रहेको र पर्यटक तथा कर्मचारी सुरक्षित रहेका छन् ।
डिङ्गीमा रहेको चाइनिज एकेडेमी अफ साइन्सेजको किमोलुङ स्टेसनको विद्युत् कटौती भएको छ । मौसम पूर्वानुमान महाशाखाले डिङ्गीको तापक्रम माइनस १८ डिग्री सेल्सियसदेखि शून्यभन्दा तलसम्म रहेको जनाएको छ ।

**प्राणघातक स्तन क्यान्सरबाट बचौं**

**स्तन क्यान्सरका लक्षणहरू**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं




**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# भूकम्पमा परी नेपालमा १३ जना घाइते

झापा(प्रस) । मंगलबार बिहान गएको भूकम्पमा परी नेपालमा १३ जना घाइते भएका छन्। नेपाल प्रहरीका अनुसार बारामा ११, काठमाडौंमा १ र काभ्रेमा १ जना घाइते भएका हुन्।
भूकम्पले ओखलढुंगा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, काभ्रे, बारा, काठमाडौं, सिन्धुपाल्चोक र रामेछापमा क्षति गरेको छ।

भूकम्पले विभिन्न जिल्लामा ९ वटा भौतिक संरचनामा क्षति पुगेको छ। राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार मंगलवार बिहान ६:५० बजे चीनको तिब्बतको दिंगे काउन्टी केन्द्रबिन्दु बनाएर ६.८ म्याग्निच्युडको भूकम्प गएको थियो। भूकम्पका कारण संखुवासभा र सोलुखुम्बुमा घर भत्किएको छ। भूकम्पले संखुवासभा भोटखोला-१ किमाथांका बस्ने ५२ वर्षीय तेन्छेदी शेर्पाको ढुङ्गाको गारो, टिनको छाना भएको २ तले घरमा क्षति पुगेको हो । उनको घरको वाल चर्किएको छ ।त्यस्तै सोलुखुम्बु थुलुङ दुधकोशी -७ देउसा लुरुवा बस्ने ५० वर्षीय हर्कबहादुर खत्रीको घरमा पनि क्षति भएको छ ।
ढुंगाको गारो, टिनको छाना भएको ३ तले घरको माथिल्लो तलाको छेउपट्टीको गारो भत्किएको प्रहरीले जनाएको छ ।
भूकम्पबाट देशभर मानवीय क्षति नभएको नेपाल प्रहरीले जनाएको छ। यद्यपि, नागार्जुन नगरपालिकामा एक व्यक्ति अत्तालिएर डेढतले घरबाट हाम फाल्दा खुट्टामा चोट लागेको छ। ती व्यक्तिको हाल अस्पतालमा उपचार भइरहेको छ।
यसैगरी, बारामा भूकम्पका कारण आत्तिएर ११ जना विद्यार्थी बेहोस भएका थिए । तर, उनीहरूको अवस्था भने सामान्य रहेको प्रहरीले जानकारी दिएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीका अनुसार भूकम्पबाट केही भौतिक क्षति भएको सामान्य विवरण प्राप्त भएको छ ।

प्रहरीका अनुसार सिधुपाल्चोकको एक प्रहरी चौकीको भित्ता भत्किएको छ । रामेछाप र ओखलढुंगामा १/१ वटा गोठको भित्ता भत्किएको छ । नेपाल प्रहरीले भूकम्प प्रभावित क्षेत्रको विस्तृत विवरण संकलन कार्य जारी रहेको जानकारी दिएको छ ।
खोटाङ, सोलुखुम्बु, ताप्लेजुङ, ओखलढुङ्गा, संखुवासभा, रामेछाप र बारा जिल्लामा भूकम्पको कारण ११ वटा घरमा क्षति पुगेको छ । यता ताप्लेजुङ दोभानको इलाका प्रहरी कार्यालयमा क्षति पुगेको छ । गत असार २ गते राति
त्रिवेणी - ५ र मेरिङदेन -३ को सिमाना भएर बग्ने मैवा खोलामा आएको बाढीका कारण प्रहरी कार्यालयको कम्पाउण्ड वाल र भवन सामान्य चर्किएकोमा भूकम्पको धक्काबाट कार्यालय प्रमुखको निवासको वाल, भवनको तलको पूर्व र पश्चिमपट्टिको पेटी ,भान्साको पूर्वपट्टिको पेटी चर्किएर थप क्षति भएको छ ।

# माँ लक्ष्मी साकोसद्वारा ११ जनालाई सम्मान

बिर्तामोड(प्रस) । माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था बिर्तामोडले १६ औं वार्षिक साधारण सभामा ११ जनालाई सम्मान गरेको छ ।

उत्कृष्ट पत्रकार , उत्कृष्ट कर्मचारी , उत्कृष्ट बचतकर्ता , उत्कृष्ट ऋणी र एईईमा उत्कृष्ट छात्रछात्रालाई संस्थाले सम्मान गरेको हो । उत्कृष्ट पत्रकारको रुपमा अर्जुन राजवंशी सम्मानित भएका छन् । त्यस्तै उत्कृष्ट बचतकर्ताको रुपमा जोगेन्द्र चौधरी , लालबाबु शाह , त्रिलोक शाह , सुमित्रादेवी दास , सुकुमार घोष , अगिरति राजवंशी , उत्कृष्ट ऋणी सिदिक महमद , उत्कृष्ट कर्मचारी विश्वजीत हलवाई र एसईई परीक्षामा उत्कृष्ट कृष्ण राजवंशी , अनुष्का शाह र प्रेरणा गुप्तालाई सम्मान गरिएको हो ।



बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्माले सो साधारण सभाको उद्घाटन गरेका थिए । संस्थाका अध्यक्ष देवेन्द्रकुमार सिंहको अध्यक्षता तथा वडाध्यक्ष शर्माको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने , बचत तथा ऋण सहकारी संघका बिर्तामोड इन्चार्ज विनोद न्यौपाने , धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाका पूर्व अध्यक्ष कृष्ण पौडेल , गौरवशाली बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष लवकुमार चौधरी , अडिटर्स एशोसिएसन झापाका अध्यक्ष होमनाथ उप्रेती , संस्थाका संस्थापक अध्यक्ष धर्मराज माझी , पूर्व अध्यक्ष घनश्याम चौधरीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संस्थाका उपाध्यक्ष राजकुमार राजवंशीले स्वागत गरेको कार्यक्रमको संचालन लेखा समिति संयोजक मनोजकुमार शाहले गरेका थिए ।

हाल १ हजार ८०२ जना शेयर सदस्य रहेको संस्थाको शेयर पुँजी १ करोड ७१ लाख ५६ हजार १०० रुपैयाँ रहेको छ । त्यस्तै निक्षेप ३ करोड ६८ लाख ७२ हजार २३७ , ऋण लगानी ४ करोड ८ लाख ६३ हजार ७१९ र आम्दानी ८२ लाख ३४ हजार ७६८ रुपैयाँ गरेको संस्थाका व्यवस्थापक दीपक साफीले जानकारी दिए ।

## अग्रसेन भवनको वर्षगाँठको अवसरमा बृहत आँखा शिविर

बिर्तामोड(प्रस) ।अग्रसेन भवन बिर्तामोडको सेवा प्रारम्भको २५ औं वर्षगाँठको अवसरमा बृहत आँखा शिविर सम्पन्न भएको छा भवनका अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'को अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख आतिथ्यता बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको रहेको थियो। बिर्तामोड वडा नं .५का अध्यक्ष रोहित प्रसांई,बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने , भवनका संस्थापक अध्यक्ष तथा मेची आँखा अस्पताल संघका उपाध्यक्ष सुरेश वंशलको विशेष आतिथ्यता र विभिन्न संघ संस्थाका प्रमुखहरुको आतिथ्यतामा सम्पन्न शिविरमा ३३० जनाको निःशुल्क आँखा परीक्षण गरी औषधिसमेत वितरण गरिएको थियो।



बालाजी टोल विकास संस्था, बालाजी टोल नारी समूह र नेपाल अग्रवाल महिला मंचको संयुक्त आयोजनामा सम्पन्न शिविरमा छनोट भएका २१ जना विरामीहरूको आज निःशुल्क मोतीबिन्दुको शल्यक्रिया गरिने अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'ले जानकारी दिए ।

नेपाल अग्रवाल महिला मंचकी अध्यक्ष दिपा खेडियाले स्वागत मन्तव्य,टोलवासीको तर्फबाट डा चन्द्र शर्मा दुलालले शुभकामना मन्तव्य ,भवन उपाध्यक्ष रमेश अग्रवालले आस्था वाचन गरेका थिए । कार्यक्रमको संचालन टोल समिति सचिव ज्ञानेन्द्र अधिकारीले गरेका थिए । शिविरमा मेची आँखा अस्पताल,सैनिकमोडको प्राविधिक सहयोग रहेको थियो ।

ती संस्थाहरूको संयुक्त आयोजनामा दोस्रो पटक शिविर आयोजना गरिएको टोल समिति अध्यक्ष नरेन्द्रप्रसाद अधिकारीले जानकारी दिएका छन् ।

## पत्रकार अर्जुन राजवंशी सम्मानित



झापा(प्रस) । पत्रकार अर्जुन राजवंशी सम्मानित भएका छन् ।

माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको १६ औं वार्षिक साधारण सभामा उत्कृष्ठ पत्रकारको रुपमा राजवंशीलाई सम्मान गरिएको हो । उनलाई कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्मा र संस्थाका अध्यक्ष देवेन्द्रकुमार सिंहले दोसल्ला ओढाई सम्मानपत्रले सम्मान गरेका हुन् । विगत १८ वर्षदेखि पत्रकारितामा कार्यरत बिर्तामोड ३ निवासी पत्रकार राजवंशी विभिन्न राष्ट्रिय तथा स्थानीय संचार माध्यममा आवद्ध रहेका छन् ।

## निर्माण व्यवसायी संघको अध्यक्षमा अधिकारी निर्वाचित

झापा(प्रस)। निर्माण व्यवसायी संघ झापाको अध्यक्षमा रमेश अधिकारी निर्वाचित भएका छन् । मंगलवार भएको मतदानमा १६३ मत ल्याई दमकका अधिकारी अध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिष्पर्धी इन्जिनियर प्रकाशकुमार सिंहले १४२ मत हासिल गरेका छन् ।त्यस्तै सहकोषाध्यक्षमा सुरेन्द्र धिमाल निर्वाचित भएका छन् । सहकोषाध्यक्ष पदका लागि तीन जनाबीच कडा प्रतिष्पर्धा भएको थियो । त्यसमध्ये धिमाल १०४ मत ल्याई निर्वाचित भएका हुन् । उनका निकटतम् प्रतिष्पर्धीहरु एंगल गुरुङले ९९ र सुरेश भट्टराईले ९८ मत प्राप्त गरेका छन् । त्यस्तै सदस्यहरुमा प्रवीण कट्वाल २४६ , मनोज उप्रेती २२४ , इन्जिनियर विवेक जवेगू २२५ , गंगाप्रसाद गौतम २२४ , दिनेश मैनाली २२२ , ज्ञानबहादुर तामाङ २०० , इन्जिनियर डालिम खड्का १९९ , आशिष बान्तवा १९५ , उद्धव कुँवर १९३ र भरत भट्टराई १९१ मत ल्याई निर्वाचित भएका छन् । १० जना सदस्यका लागि १५ जनाले उम्मेद्वारी दिएका थिए । अध्यक्ष , सहकोषाध्यक्ष र सदस्यबाहेक बाँकी पदहरुमा यसअघि नै सर्वसम्मत भइसकेको थियो । संघको प्रथम उपाध्यक्षमा केदार गिरी , द्वितीय उपाध्यक्षमा राजकुमार राई , तृतीय उपाध्यक्षमा नयन बराल , महासचिवमा पुष्पराज निरौला , सचिवमा लोकेन्द्र श्रेष्ठ , कोषाध्यक्षमा यज्ञनिधि भुर्तेल र महिला सदस्यमा कमला थाम्सुहाङ निर्विरोध भएका थिए । निर्माण व्यवसायी संघ झापामा ३७४ जना सदस्य रहेकोमा ३०५ जनाले मतदानमा भाग लिएको निर्वाचन समितिका संयोजक गोपाल थापाले बताए । बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म निर्माण व्यवसायी संघको सभाहलमा मतदान भएको थियो ।

## कोइलाखानीमा एक नेपालीसहित ९ श्रमिक थुनिए



झापा(प्रस) । भारत असमको एक कोइलाखानीमा पानी पसेर थुनिँदा ९ जना श्रमिक थुनिएका छन् । थुनिनेमा एक जना नेपाली श्रमिकसमेत रहेका छन् । डिमा हासाओ जिल्लामा रहेको खानीमा अचानक पानी पसेर खानीको मुख थुनिँदा श्रमिकहरू थुनिएका हुन् ।

असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माका अनुसार खानीमा थुनिने नेपालीमा गंगाबहादुर श्रेष्ठ रहेका छन् । उनी नेपालको कुन ठाउँमा हुन् भन्ने खुलिसकेको छैन। त्यस्तै पश्चिम बंगालका सञ्जित सरकार पनि खानीमा थुनिएका छन् । असमका नेपालीभाषी लिजन मगरसहित हुसैन अली, जाकिर हुसेन, सर्प बर्मन, मुस्तफा शेख, खुशीमोहन राय र शरत गोयारी पनि खानीमा थुनिएका छन् ।

खानीमा थुनिएकामध्ये तीन जनाको शव देखिएको बताइएको छ । यद्यपि अधिकारीहरूले यसको पुष्टि गर्न बाँकी छ । गहिरो पानीमा डुब्न सक्ने सेनाको विशेषज्ञ टोलीलाई विशाखापट्टनमबाट बोलाएर परिचालन गरिएको छ । खानीभित्र पानीको सतह करिब १०० फिट पुगेको जनाइएको छ । गैरकानुनी रुपमा खानी संचालन गरेको भन्दै भारतीय प्रहरीले एकजनालाई पक्राउ गरेको छ ।




## फिदिम भेट्रान्स गोल्डकप माघ ९ देखि



झापा(प्रस) ।पाँचथरको फिदिम माविको खेलमैदानमा भेट्रान्स कप फुटबल प्रतियोगिता माघ ९ देखि १२ गतेसम्म हुने भएको छ । प्रतियोगितामा नेपालका ७ र भारतका १ टिम सहभागी हुनेछन् । आयोजक फिदिम भेट्रान्स क्लबले टिमा दुई ३८ वर्ष पूरा भएका र बाँकी ४० वर्ष पार गरेका खेलाडी सहभागी गराउन पाउने जनाएको छ । प्रतियोगितामा आयोजक फिदिम भेट्रान्स क्लब, युनाइटेड फ्रेन्ड्स क्लब बुङकुलुङ दार्जिलिङ, धरान भेट्रान्स सुनसरी, दुधे भेट्रान्स झापा, रेड स्टार भेट्रान्स झापा, गोरख भेट्रान्स इलाम, बौद्ध भेट्रान्स पाँचथर र मोरङ भेट्रान्सको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष रोशन श्रेष्ठले जानकारी दिए ।

२० लाख लागतमा हुने प्रतियोगिता विजेताले १ लाख ५ हजार ५ सय ५५ र दोस्रो हुने टोलीले ५० हजार ५ सय ५५ रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगितामा विधागत रूपमा उत्कृष्ट खेलाडीलाई पुरस्कार दिइने छ । जिल्लामा भेट्रान्स कप गरिएको यो दोस्रो पटक हो । गत वर्ष पाँचथरको नवमीडाँडास्थित सिद्धदेवी माविको मैदानमा प्रतियोगिता गरिएको थियो । त्यसमा इलाम भेट्रान्सले उपाधि जितेको थियो ।

## बिर्तामोड नगरपालिका

५ नं. वडा कार्यालय झापा

### घरको सटर खाली गराइदिने बारेको सूचना

प्रकाशित मिति– २०८१/०९/२४

बिर्तामोड नगरपालिका वडा न.५ बस्ने भुवेन धिमालले मिति २०८१/०८/१३ गतेका दिन यस वडा कार्यालयमा पेश गरेको निवेदन बमोजिम बिर्तामोड नगरपालिका –५ निवासी निवेदक भुवेन धिमालको नाममा दर्ता कायम रहेको साबिक अनारमनी ३ हाल बिर्तामोड ५ मा पर्ने कि.न.१६५२ को ज.वि.१७१२.३० जग्गामा बनेको ३ तला घरको भुइँतलाको २ वडा सटर कोठा अर्जुनधारा नगरपालिका वडा न.७ निवासी गोपाल चम्लागाईले मिति २०७९।०१।०५ गतेदेखि मासिक भाडा रु ९०००।-(नौ हजार मात्र) लिई मदिरा खुद्रा व्यवसाय गर्दै आएको र हाल मिति २०८०।०३।०५ गतेका दिनदेखि घर भाडा नतिरी सम्पर्कविहीन भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा सम्पर्कमा आई निज घरधनी भुवेन धिमाललाई शर्त बमोजिमको भाडा भुक्तानी गरी घरको कोठा खाली गराई दिनुहुन अनुरोध छ । यो सूचनालाई बेवास्ता गरि लिखित जवाफ वा सम्पर्कमा नआएमा कानुन बमोजिम भईजाने कुरा जानकारी गरिन्छ । .

## झापा जिल्ला सहकारी संघ लिमिटेडको

### निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

संघको विनियम २०५० (संशोधनसहित) र संघको निर्वाचन निर्देशिका २०७६ बमोजिम निर्धारण गरिएका पदहरुमा सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको ८औं कार्यकालको लागि यस संघको सञ्चालक समितिको मिति २०८१ मंसीर १० गतेको बैठकद्वारा गठित निर्वाचन समितिको २०८१ पौष २२ गतेको बैठकले तपशिल बमोजिमको निर्वाचन कार्य तालिका रहेको कार्यक्रम प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | विवरण | मिति | स्थान | समय |
|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८१।१०।२० गते | | विहानको ११ बजे |
| २ | मतदाता नामावलीमा दाबी विरोध | २०८१।१०।२१ गते | संघको | दिउँसो १ बजे |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१।१०।२१ गते | सम्पर्क | दिउँसो १: ३० बजे |
| ४ | उम्मेदवारको मनोनयन दर्ता | २०८१।१०।२५ गते | कार्यालय | विहान ११ वजे- दिउँसो २ बजेसम्म |
| ५ | मनोनयनमा दाबी विरोध | २०८१।१०।२५ गते | बिर्तामोड | दिउँसो २:०० बजेदेखि २:३० बजेसम्म |
| ६ | उम्मेदवारी फिर्ता | २०८१।१०।२६ गते | | दिउँसो ३ बजेसम्म |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१।१०।२६ गते | | अपरान्ह ४ बजेसम्म |
| ८ | उम्मेदवारले प्रचार प्रसार गर्ने | २०८१।१०।२७ गते - २०८१।११।०१सम्म | | |
| ९ | मतदान | २०८१।११।०३ गते | संघको सम्पर्क कार्यालय बिर्तामोड | विहान ९:१५ देखि दिउसो २:१५सम्म |
| १० | मत गणना | २०८१।११।०३ गते | | मतदान समाप्त पछि |
| ११ | निर्वाचन परिणाम घोषणा | २०८१।११।०३ गते | | मत गणना समाप्त पछि |
| १२ | निर्वाचितलाई परिचय पत्र प्रदान | पछि तय हुने | | |

तुलसा कुँवर
निर्वाचन समिति सदस्य

विश्वेश्वरप्रसाद भट्टराई
निर्वाचन समिति सदस्य

देवेन्द्र भण्डारी
निर्वाचन समिति संयोजक

भद्रपुर-५, झापा
०२३-५३६६८५
jhapacoops_fed@yahoo.com
facebook.com/jhapacoopsfed

## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

### शिवसताक्षी नगरपालिकाको क्षेत्राधिकार भित्र कवाडी कर, पशुपन्छीको व्यावसायिक उपयोग कर तथा जडीबुटी निकासी कर सङ्कलन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ६१ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र नगरपालिकाले विभिन्न प्रकारका कवाडी करको दर निर्धारण गर्ने तथा सङ्कलन गर्ने, नगरक्षेत्रबाट निकासी हुने विभिन्न जडीबुटीजन्य वनस्पतिहरूको निकासी हुँदा लाग्ने निकासी कर निर्धारण गरी सङ्कलन गर्ने तथा जीवजन्तुको व्यावसायिक उपयोग (ओखटोपहार) कर निर्धारण तथा सङ्कलन गर्ने कानुनी व्यवस्था भए बमोजिम आ.व.२०८१।०८२देखि आ.व. २०८३/०८४सम्म (३ वर्षका लागि) ठेक्का प्रक्रियाबाट कवाडी कर, पशुपन्छीको व्यावसायिक उपयोग कर तथा जडीबुटी निकासी कर सङ्कलन गर्ने सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको ठेक्का प्रक्रियामा भाग लिन इच्छुक व्यक्ति/फर्म वा व्यावसायिक प्रतिष्ठानले १५ दिनभित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व.२०८१।८२ को लागि न्यूनतम अङ्क रकम (भ्याट समेत) रु | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु | धरौटी /जमानत रकम रु |
|---|---|---|---|---|---|
| १. | SM/IR/04/2081/082 | कवाडी कर, पशुपन्छीको व्यावसायिक उपयोग कर तथा जडीबुटी निकासी कर सङ्कलन | ३,००,०००/- (तीन लाख) | १,०००/- (एक हजार) | कबोल अंकको ५ प्रतिशत |

सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मितिः २०८१/१०/०८गते कार्यालय समयभित्र।
सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति र समय : २०८१/१०/०९गते अपराह्न१२.००बजेसम्म।
सिलबन्दी दरभाउपत्र खोलिने मिति र समयः- २०८१/१०/०९दिउँसो1.००बजे।

ठेक्का सम्बन्धी सर्तहरु र थप जानकारीको लागि सम्पर्कनं. 023-470323मा (कार्यालय समयभित्र)वा शिवसताक्षी नगरपालिकाको वेभसाइट WWW.SHIVASATAKSHIMUN.GOV.NPबाट जानकारी लिन सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
शिवसताक्षी नगरपालिका

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भूकम्पबाट सचेत रहौं

मंगलवार बिहान चीनको तिब्बतमा गएको भूकम्पमा कम्तीमा ९५ जनाको मृत्यु भएको छ । चिनियाँ सञ्चार माध्यम सीजीटीएनका अनुसार चीनको सिजाङ स्वशासित क्षेत्रको डिग्री काउन्टीमा गएको भूकम्पमा परी घाइते हुनेको संख्या १३० नाघेको छ । जुन भूकम्पको धक्का नेपाल , भारत , भूटान र बंगलादेशसम्म महसुस गरिएको छ । केही दिनदेखि नेपालमा लगातार भूकम्प गइरहेको छ । जसबाट जनजीवन त्रसित छन् ।

नेपाल सम्पूर्ण रूपमा भूकम्पको जोखिम क्षेत्रमा पर्छ । त्यसमा विगत पाँच सय वर्षभन्दा लामो समयदेखि शक्ति सञ्चित भएर बसेको ठाउँ पश्चिम नेपाल, त्योभन्दा उता छिमेकी देश भारतमा पनि जोखिम छदैँछ । यसको अर्थ ढिलो चाँडो भविष्यमा भूकम्प जानेछ । विगतमा २०७२ सालको गोरखा भूकम्प र यसको क्षति धेरैले भोग्यौँ, देख्यौँ, सम्झनामा अहिले पनि ताजै छ ।त्यस्तै क्षति फेरि नहोस्, भोग्न नपरोस् भनेर आवश्यक पूर्वतयारी अहिलेदेखि नै गर्नुपर्छ ।

भूकम्प जाँदा हुने क्षतिको अध्ययन/अनुसन्धानमा ध्यान दिनुपर्छ । यसमा कसरी भूकम्प जान्छ ? त्यो ठाउँमा कति क्षति हुन्छ ? मूल्याक्तन गरी जोगिन/जोगाउन के–कस्ता काम गर्नुपर्छ भन्ने थाहा हुन्छ ।
अध्ययनपछि प्राप्त नतिजाबाट संरचनाको क्षति कम गर्न आवश्यक प्रविधिको प्रयोग गर्न सकिन्छ । सुरक्षित प्रविधिको प्रयोगबाट सुरक्षित संरचना निर्माण अर्को महत्त्वपूर्ण पाटो हो । यसबाट भूकम्प गइहालेमा पनि क्षति न्यूनीकरण हुन्छ ।हामी भूकम्पीय जोखिम क्षेत्रमा छौँ । त्यसैले भूकम्पले हल्लाउँदा वा धक्का दिँदा दुई/चार दिन मात्रै, कुनै विशेष समयमा मात्रै भूकम्पसम्बन्धी छलफल, कार्यक्रम, गोष्ठी गर्ने होइन । भूकम्पबारेको जानकारी सबैको पहुँचमा पुऱ्याउन निरन्तर चेतनामूलक कार्यक्रम भइरहनुपर्छ । भूकम्प गएका बेलामा कसरी बच्न सकिन्छ ? भन्नेतर्फ ध्यान दिएर पूर्वाभ्यास गराउनुपर्छ । भूकम्पीय अभ्यास अर्थात् भूकम्प जानुअघि, भूकम्प गइरहेका बेला, गइसकेपछि के गर्ने भनेर विद्यालयदेखि सम्पूर्ण क्षेत्रमा यस्ता कार्यक्रम हुनुपर्छ ।

देशभर सात सय ५३ वटा पालिका छन् । यी पालिकामा विपद्सम्बन्धी संरचना स्थापना भएका छन् । यो संरचनाले अन्य प्राकृतिक प्रकोप, विपद्सँगै कम्तीमा भूकम्पलाई पनि प्राथमिकतामा राखेर काम गर्नुपर्छ । सरकारले बनाएको सुरक्षित संरचनाको आचारसंहितालाई कार्यान्वयन गर्नुपर्ने दायित्व पालिकाको हो, अहिलेसम्म सही अभ्यास भएको पाइँदैन । सबैभन्दा ठूलो कुरा ती पालिकामा निर्माण हुने भौतिक संरचना आचारसंहिता अनुरूप हुनुपर्छ । नागरिकलाई सुसूचित गर्नेदेखि संरचना सुरक्षित बनाउनेतर्फ ध्यान दिनु अहिलेका लागि अति नै महत्वपूर्ण छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विद्यालयमा अनुशासन चुनौती


• प्रेमनारायण भुसाल

ज्ञानको मन्दिर भनेर चिनिने विद्यालय वास्तवमा सिक्ने र सिकाउने ठाउँ हो । कलिला बालबालिकाले पढेर, देखेर र गरेर आफ्नो संज्ञानलाई विस्तार गर्छन् । व्यावहारिक, नैतिक र जीवनोपयोगी सिपहरू पनि सिकिरहेका हुन्छन् । यस अर्थमा विद्यालयको सिकाइ पढाइमा मात्र सीमित हुनु हुँदैन । जीवन उपयोगी सिप, साक्षरता सिप र सिकाइ सिपको त्रिकोणात्मक आयामबाट बालबालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्य हरेक विद्यालयले राख्नु पर्छ । जीवनोपयोगी सिप अन्तर्गत अनुशासन, आचरण, मर्यादा र संस्कृतिप्रतिको अवधारणासमेत पर्दछ । नैतिक र सांस्कृतिक बन्धन कमजोर बन्दै गएको वर्तमान नेपाली समाजमा अराजकताका झिल्काझिल्की विद्यालय तहका विद्यार्थीमा समेत देखिन थालेका छन् ।

विद्यार्थीको कौतूहल, सांस्कृतिक, सामाजिक विविधता तथा आर्थिक र राजनीतिक विचलनका घटनाले अनुशासनलाई अपरिभाषित त□व बनाउँदै लगेका छन् । अनुशासन सामाजिक मूल्यमान्यता, संस्कार, आचरण र चिन्तनभन्दा विच्छिन्न नहुने भएकाले अबको जोड सामाजिक मूल्यले सुसंस्कृत, अनुशासित र असल आचरण भएका कर्तव्यशील, कर्मनिष्ठ नागरिक उत्पादन गर्ने दिशामा हुनु पर्छ । उद्देश्य असल हुँदाहुँदै पनि विगतकै अवधारणा र सोच राखेर विद्यालयमा अनुशासन कायम गर्न खोजियो भने वर्तमान समयका समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था आउँछ । यसमा मूलतः सामाजिक संरचनाले काम गरेको देखिन्छ ।

नेपालको सामाजिक संरचना विविधतायुक्त रहेको छ । समाजमा जात, धर्म, पेसा, संस्कार, संस्कृति र भाषागत विविधता लगभग सबैतिर देखिन्छ तर यी सबैको संयोजनको कडीका रूपमा सहिष्णुता र सामाजिक एकता रहेको छ । पछिल्लो समय आर्थिक सबलतालाई सम्पूर्ण कुराको आधार मान्ने प्रवृत्ति र विकास हुँदै गएको व्यक्तिवादी प्रवृत्तिले गर्दा सामाजिक संरचना नै परिवर्तन भएको छ । यस अवस्थामा कुन कुन कुरालाई मर्यादा र आचरण मान्ने भन्ने कुराको निर्क्याेल गर्न समाजका विविधता र तिनले समग्र समाजमा पार्ने वा पार्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । यसैले सार्वभौम अनुशासनको रटान होइन, समाजसापेक्ष सान्दर्भिक र समसामयिक नियम र आचरणको संहिताका रूपमा अनुशासनलाई व्यवस्थित गर्न आवश्यक छ ।

हाल सूचना प्रविधिको तीव्र विकासले गर्दा विद्यालय तहका बालबालिकाको पहुँच विश्वका असल सिकाइ र समसामयिक घटना मात्र नभएर वयस्क वा प्रौढका लागि मात्र निर्माण गरिएका र राष्ट्रिय र सामाजिक सन्दर्भमा अस्वीकार्य ठानिएका असामाजिक र अनैतिक विषयवस्तुमाथि समेत पुगेको देखिन्छ । घरपरिवारमा सिकेका कुरा र विभिन्न माध्यमबाट आदर्श मानिएका साइटमा भेटिएका सन्दर्भले बालबालिकामा मानसिक द्वन्द्वको सिर्जना गर्छ ।

अभिभावकले भनेका कुरा सत्य हुन् वा आफूले इन्टरनेटमा भेटेका कुरा सत्य हुन् भन्ने कुरामै निर्णय गर्न नसकेको अवस्थामा वा विद्यालयमा बनाइएका नियम ठिक हुन् वा अन्य देशका अभ्यास र त्यहाँका बालबालिकाले गरेका काम ठिक हुन् भन्ने कुराको दोधारमा रहेका बालबालिका किंकर्तव्यविमूढको अवस्थामा पुगेका हुन्छन् । यस्तो समयमा सूचनाको पहुँचमाथि नियन्त्रण गर्नेभन्दा विश्व सन्दर्भ र हाम्रो समाजको यथार्थ बालबालिकाले बुझ्ने गरी स्पष्ट पार्नु र घरमा अभिभावक एवं विद्यालयमा शिक्षकका आचरणका माध्यमबाट ती कुरा झल्किनु अपरिहार्य हुन्छ । अन्यथा बालबालिका सधैँ स्थापित अनुशासनका मान्यताको द्वन्द्वमा परिरहने सम्भावना बढ्छ ।

पछिल्लो समय सञ्चारको मात्र होइन, यातायातको विकास र आर्थिक उन्नतिलाई मात्र महत्व दिने सामाजिक चिन्तनका कारण लागूपदार्थमा समेत बालबालिकाको सहज पहुँच पुगेको देखिन्छ । साथीसङ्गीको प्रभाव मात्र नभएर किशोर अवस्थाका बालबालिकाले अभिभावक र शिक्षकको भन्दा आफ्नै उमेरका वा आफूभन्दा केही ठुला दाइदिदीको बढी विश्वास गर्छन् । मर्यादित आचरण नसिकेका जेठा विद्यार्थीले भाइबहिनीलाई प्रयोग गर्ने सम्भावना अत्यधिक रहने गरेको छ । काठमाडौँकै एक विद्यालयमा विद्यालय दिवसका दिन पूर्वविद्यार्थीले भेप बिक्रीवितरण गरेको घटना केही समयअगाडि सार्वजनिक भएको थियो । अनलाइनका माध्यमबाट सहजै प्राप्त गर्न सकिने भेपलगायतका पदार्थ र यस्तै सङ्गतबाटै प्राप्त गर्न सकिने अन्य लागूपदार्थको लतका कारण बालबालिकाको संज्ञान, मनोवृत्ति र व्यवहार बिग्रँदै गएको देखिन्छ । फलतः विद्यालयका लागि यसप्रकारका क्रियाकलापमा संलग्न बालबालिकालाई कसरी अनुशासनमा राख्ने भन्ने चिन्ताले गाँज्दै गएको देखिन्छ ।

वर्तमान परिप्रेक्ष्यमा अनुशासन कायम गर्नका लागि नैतिक, सामाजिक र सांस्कृतिक मूल्य मात्र पर्याप्त हुने अवस्था देखिँदैन । यसका लागि उचित कानुनी प्रबन्धसमेत आवश्यक छ । नेपालको संविधान मात्र नभएर यसमातहत बनेका अन्य कानुन विश्वस्तरमा विकास भएका अत्याधुनिक मानव अधिकारका मूल्यमान्यतालाई बढीभन्दा बढी ग्रहण गरी निकै उदार र आधुनिक बनेका छन् । विदेशी अभ्यास र मूल्यलाई ग्रहण गर्ने क्रममा ती कानुन कुन समाजमा लागु गरिन्छन् र त्यहाँको सामाजिक संरचना, मूल्यमान्यता र अवस्था कस्तो रहेको छ भन्ने कुरालाई अध्ययन गरिएको देखिँदैन । यसैले राम्रा कानुन पनि व्यवहारमा लागु गर्न कठिन अवस्था सिर्जना भएको छ भने पुराना र विदेशी अभ्यासलाई जोड्न खोज्दा कानुन नै गज्याङ्गुजुङको अवस्थामा रहेका पनि छन् ।

बालमैत्री वातावरण, मानव अधिकार र शिक्षामा पहुँचका सन्दर्भमा कानुनमा गरिएका व्यवस्थाले समाज अधिकारवादी मात्र बन्दै गएकाले प्रौढ व्यक्ति मात्र होइन, बालबालिकासमेत कर्तव्यबाट च्युत हुँदै गएका छन् । विद्यालय पनि समाजकै अङ्ग भएकाले यी कुराको प्रत्यक्ष प्रभाव हरेक विद्यालयमा परेको देखिन्छ । कानुनतः हाम्रा विद्यार्थीलाई विद्यालयबाट निष्कासन गर्न नपाइने प्रबन्ध रहेको छ, बालमैत्री कानुनमा यस्तो व्यवस्था हुनु पनि पर्छ तर यसै हतियारलाई प्रयोग गरी दुर्व्यसनमा लागेका वा अन्य विद्यार्थीलाई समेत गलत बाटोमा लैजान सक्ने विद्यार्थीले दायित्व वहन गर्न नपर्ने अवस्था सिर्जना हुँदा नसिहत वा सुधारका लागि अवसरसमेत नपाउने अवस्था सिर्जना हुनु हुँदैन । बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु मौजुदा सबै कानुनको उद्देश्य हो तर यसो भन्नुको अर्थ के होइन भने एक/दुई जनाका कारण पूरै विद्यालयको वातावरण बिग्रन्छ भने ती व्यक्तिलाई नियन्त्रण गर्नु हुँदैन । यहाँनेर स्पष्ट हुनुपर्ने कुरा के छ भने एक/दुई जनाका कारणले ठूलै समाज बिग्रन्छ भने उनीहरूलाई दण्डित गर्न कानुन बाधक बन्नु हुँदैन र बनेको पनि देखिँदैन । बाल अधिकारको गलत व्याख्या गरेर परीक्षामा अमर्यादित काम गर्ने, विद्यालयमा हातपात गर्ने, निषेधित वस्तु विद्यालयमा ल्याउने विद्यार्थीलाई कामको प्रकृतिका आधारमा सुधारात्मक दण्ड गर्नु नै पर्ने अवस्था रहन्छ तर कुनै पनि अवस्थामा शारीरिक दण्डले भने मान्यता पाउनु हुँदैन ।

इच्छाशक्ति हुने हो भने विद्यालयले मानव अधिकार र विद्यमान कानुनका मूल मान्यताको प्रतिकूल नहुने गरी अनुशासन र आचरणगत नियम बनाउन सक्छन् र विद्यालयमा अराजक अवस्था सिर्जना गर्न खोज्ने जोकोहीलाई पनि दण्डित गर्न सक्छन् । यस्तो दण्ड विद्यार्थीका सन्दर्भमा उसको पढ्न पाउने अधिकार सम्पूर्ण रूपमा रोक्ने गरी वा विकल्प नै नरहने गरी गर्न पाइँदैन र मिल्दैन पनि तर अवस्थाको विश्लेषण गरी अनुशासनहीन कार्यमा संलग्न बालबालिका मात्र होइन, विद्यालयरूपी समाजमा रहेका अन्य बालबालिकाको सर्वोत्तम हितको विषयमा समेत सोचेर निर्णय गर्नु आवश्यक हुन्छ । जुनसुकै सन्दर्भमा सजाय वा दण्ड गर्ने प्रसङ्गमा बालबालिकाको उमेर, मनोसामाजिक पक्ष, प्रतिवादको मौका, न्यायिक मन र सुधारको अवसरलाई ध्यान दिनु आवश्यक हुन्छ । आफूले पाएको दण्ड वा देखेको घटनालाई स्वयम्को व्यक्तित्व निर्माणमा सहयोगी बन्दै सिकाइको आधार बन्नाउन सक्नु आज हरेक विद्यालयको चुनौती पनि हो ।

विद्यालय तहको शिक्षा स्थानीय तहमा गएसँगै स्थानीय तहमा रहेका न्यायिक समितिमा विद्यार्थीमाथि विद्यालयले गरेका अनुशासनका कारबाहीसम्बन्धी उजुरीसमेत पर्न थालेको देखिन्छ । यस सन्दर्भमा केही पालिकाले विद्यालयको यथार्थ नबुझी गरेका निर्णयले विद्यालयको समग्र व्यवस्थामा प्रतिकूल प्रभाव पारेका घटना पनि देखिन थालेका छन् । यसैले न्यायिक समितिले निर्णय गर्ने क्रममा मौजुदा कानुनको समग्र अध्ययन गरी कुनै पनि निर्णयका कारण विद्यार्थीको अधिकारमाथि पुग्ने बाधा र विद्यालयको समग्र प्रणालीमाथि पर्ने असरको सम्यक् विश्लेषण गर्नु आवश्यक हुन्छ । यसको तात्पर्य न्यायिक किसिमले अभिभावक, विद्यालय र विद्यार्थीसमेतको सहभागितामा विद्यालयका अनुशासन र आचरणगत नियम स्थापित गर्नु पर्छ र उल्लंघन गर्ने जोकोही पनि दण्डित हुन्छ भन्ने मनोविज्ञानको विकास गर्न सक्नु पर्छ । अन्यथा यसले पार्ने प्रतिकूल प्रभावका कारण विद्यालय सिकाइ केन्द्र नबनेर अराजकता र दुर्व्यसनका अखडा बन्ने डर बढ्छ ।

# संविधान संशोधनको गृहकार्य


• डा. अर्जुनकुमार खड्का

संवैधानिक सक्रियताकै निम्ति पनि संविधानमा समयानुकूल संशोधन गर्नुपर्ने अनिवार्यताका कारण प्रत्येक लिखित संविधानमा संशोधनको निश्चित तरिका र प्रक्रियाको व्यवस्था गरिएको हुन्छ, जुन तरिका वा प्रक्रियाको अधीनमा रहेर मात्रै संविधानको संशोधन हुने र गर्ने गरिन्छ । केही दिनयता प्रमुख दुई राजनीतिक दलले कार्यदल नै गठन गरी संविधान संशोधनको गृहकार्य सुरु गरेका छन् । सातौँ संविधानका रूपमा २०७२ असोज ३ गते आएको नेपालको संविधानले नौ वर्ष पूरा गरिसकेको छ । यस संविधानले अङ्गीकार गरेका मूलभूत आधार र सिद्धान्तलाई उपेक्षा गर्न सकिँदैन । तीमध्येका मुख्य जनतामा निहित राजकीय सत्ता, संघीयता, समावेशिता, मानव अधिकार एवं मौलिक हकलगायत बालिग मताधिकार, सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प अग्ररूपमा रहेको पाइन्छ ।

यसै कारणले यस संविधानलाई विगतका संविधानभन्दा बढी सकारात्मक रूपमा लिने गरिन्छ । मुख्यतः यस संविधानमार्फत नै संघीयताको माध्यमबाटै तीन वटै तहमा अधिकारको बाँडफाँट भई सोको प्रयोग भइरहेको छ । राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान र राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्थाबमोजिम ससर्त अनुदान प्राप्त गर्ने हैसियतमा संविधान अनुरूप प्रदेश र स्थानीय तहले अधिकार प्राप्त गरेको अवस्था छ । संविधानले सामाजिक भावनालाई कानुनी माध्यमद्वारा आत्मसात् गर्न थालेको अवस्था पनि छ । साथै जनताको अधिकारलाई संरक्षित गर्ने, राज्यका अङ्गहरूबिच शक्तिको वितरण र सम्बन्ध निश्चित गर्ने तथा शासक र शासितको सम्बन्धलाई परिभाषित गर्दै आएको छ । वास्तवमा संविधानले राज्यको शक्ति चित्रण गरेको छ । संविधान अन्य कानुनभन्दा उच्च र विशेषाधिकार सम्पन्न कानुन भएको कारणले समाजको ढाँचा तय गर्ने काममा यसले कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई कार्यान्वयनको सन्दर्भमा व्यक्त गरेको अवस्था छ । यसै कारणले संविधान जनताको विश्वासको स्वीकारोक्ति, आदर्शको अभिव्यक्ति र देशको बडापत्रका रूपमा स्थापित हुँदै आएको देखिन्छ । तथापि संविधान देशको राजनीतिक घोषणापत्र पनि भएकाले कतिपय अवस्थामा यसमा विवाद सिर्जना हुने गर्छ । यसै कारणले संविधानले संशोधनको अपेक्षा गरेको हुन्छ ।

यसको अर्थ हो, सविधानमा समयानुरूप गतिशीलताको अपेक्षा गरिन्छ । समय र परिस्थितिमा आउने परिवर्तन, मानवीय खोज, अनुसन्धान र निर्माणमा आउने परिवर्तन, मानिसको जीवनमा देखा पर्ने सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनीतिक परिवर्तनका भावना आदिलाई संविधानले आफूभित्र समाहित गर्न सक्नु पर्छ । यदि उक्त परिवर्तनलाई सविधानले आत्मसात् गर्न सकेन भने सिङ्गो संविधान नै धराशायी र निष्क्रिय हुन सक्छ । त्यसैले संवैधानिक सक्रियताकै निम्ति पनि संविधानमा समयानुकूल संशोधन गर्नुपर्ने अनिवार्यताका कारण प्रत्येक लिखित संविधानमा संशोधनको निश्चित तरिका र प्रक्रियाको व्यवस्था गरिएको हुन्छ, जुन तरिका वा प्रक्रियाको अधीनमा रहेर मात्रै संविधानको संशोधन हुने र गर्ने गरिन्छ । यसैले संविधानको एउटा खास विशेषता यसको गतिशीलता पनि हो । समाजको आवश्यकता अनुसार देशको संविधानमा सामयिक संशोधन गर्दै जानु आवश्यक हुन्छ । जनभावना अनुकूल सामयिक संशोधनको प्रक्रिया संविधानमा नराखेमा जनताले संवैधानिक प्रक्रियाको बाटो छोडेर अरू नै बाटो लिने अवस्था आउन सक्छ । यस्तो स्थिति नआओस् भन्ने हेतुले प्रस्तुत संविधानमा पनि संशोधनका निमित्त आवश्यक व्यवस्था गरिएको पाइन्छ ।
संविधान संशोधनको अर्थ र संशोधन भनेको के हो ? यसको क्षेत्र र दायरा कति हुन्छ ? भन्नेबारे नेपालको कानुनमा व्याख्या र व्यवस्था गरेको पाइन्न । अदालतबाट समेत संशोधनको सीमा र क्षेत्रबारे हालसम्म व्याख्या गरिएको छैन । संविधान संशोधनको सन्दर्भमा अन्य मुलुक जस्तै भारतको व्यवस्थालाई अध्ययन गर्दा त्यहाँ स्पष्ट व्यवस्था गरेको पाइन्छ । उदाहरणका लागि भारतीय संविधानको धारा ३६८ को उपधारा (१) मा व्यवस्था भए अनुसार संविधानको कुनै धारालाई
'थपेर, अदलबदल गरेर वा खारेज गरेर' संविधान संशोधन गर्न सकिन्छ भन्ने व्यवस्था रहेको पाइन्छ तर अमेरिका र अस्ट्रेलियाको संविधानले भारतको संविधानको जस्तो संविधान संशोधन गर्दा के कसरी गर्न सकिन्छ भन्ने व्यवस्था गरेको पाइन्न । बरु नेपालको संविधानको धारा २७४ ले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता गरी चार विषयबाहेक अन्य विषयमा संविधानलाई संशोधन गर्न सकिने व्यवस्था गरेको छ । यसै धाराबमोजिम संविधानको अन्य धाराको अधीनमा रही संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेस गर्न सकिने अवस्था छ ।
अमेरिकी संविधानको धारा ५ मा संशोधन भन्ने शब्द राखिएको पाइन्छ भने अस्ट्रेलियाको संविधानको धारा १२८ मा परिवर्तन भन्ने शब्द राखिएको पाइन्छ । वास्तवमा भारतीय संविधानले गरेको संविधानको धारा ३६८ को उपधारा (१) को व्यवस्था भारतीय संविधान निर्माण गर्दा समाविष्ट गरिएको थिएन, यो केवल सन् १९७१ मा गरिएको २४ औँ पटक संविधान संशोधन गर्दाको उपज हो । वास्तवमा भारतीय संविधानको विकासका दौरान संविधानको संशोधनको दायरा के कति हुन्छ ? भन्ने प्रश्न बढी गम्भीर रूपमा उठेका कारण यसको व्यवस्था गरिएको थियो । नेपालमा भने त्यस्तो अवस्था छैन किनकि धारा २७४ मा उल्लेख भएका चार वटा कुरामा बाहेक अन्य जुनसुकै विषयमा पनि संविधान संशोधन गर्न सक्ने अवस्था देखिन्छ ।
हुन त राजनीतिक, सामाजिकलगायत अन्य विषयमा संविधान संशोधन गर्ने सुझावका लागि गठन भएको कार्यदल वा अन्य सम्बद्ध पक्षबाट आवश्यक कार्य हुने नै छ । तथापि संविधानमा रहेका केही प्रावधान तथा धारालाई संविधानमा राखिरहनुपर्ने आवश्यकता छैन । ती प्रावधानलाई संशोधनको माध्यमबाट हटाउनुपर्ने देखिन्छ । यसमा मुख्य गरेर नेपालको संविधान जारी भएपछि पनि मुलुकलाई नियमित रूपमा सञ्चालन गर्नका लागि तत्काल कायम रहेका केही कार्यमा बाधा पुऱ्याउन सक्ने गरी तत्कालै सो नयाँ संविधान कार्यान्वयनमा ल्याउन सक्ने अवस्था थिएन । त्यसका लागि औपचारिक, अनौपचारिक तथा राजनीतिक एवं कानुनीलगायतका संयन्त्रको निर्माण गर्नुपर्ने अवस्था रह्यो । यसै कारणले नेपालको संविधानको भाग ३३ मा व्यवस्था गरिएको सङ्क्रमणकालीन प्रावधानमार्फत नयाँ संरचनाको आकार नआएसम्म वा नलिएसम्म पूर्ववत् कार्यलाई निरन्तरता कायम राखियो । त्यस्तो कार्यलाई सङ्क्रमणकालीन व्यवस्थाका रूपमा लिने गरिन्छ र कानुनको भाषामा 'सन्सेट लः' अर्थात् कानुनी प्रावधान जुन एक निश्चित अवधिपछि स्वतः निष्क्रिय वा समाप्त हुने व्यवस्था पनि भन्न सकिन्छ । साथै त्यस्तो व्यवस्थालाई कुनै निकाय वा अधिकारीबाट निष्क्रिय गरिरहनुपर्ने संवैधानिक बाध्यता रहँदैन । यसको अलावा त्यस्तो व्यवस्थाले दूरगामी हैसियतमा संविधानमा रही प्रभाव पार्न सक्ने अवस्था पनि रहँदैन । उदाहरणका लागि नेपालको संविधानको धारा २९६, २९७, २९८, २९९ लगायत अन्य धारा ३०१ तथा ३०५ अब निष्क्रिय भइसकेको अवस्था छ । यसैले संविधानमा रहेका यी धारालाई पनि संशोधनको माध्यमबाट हटाउन सकिने देखिन्छ । यसै गरी संविधानको धारा ८६ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको यो संविधान प्रारम्भ भएपछि पहिलो पटक राष्ट्रिय सभाका सदस्यहरूको पदावधि कायम गर्दा गोला प्रथाद्वारा पदावधि कायम गरिने छ भन्ने व्यवस्था पनि सन्सेट लः कानुनका रूपमा रहेको हुँदा उक्त व्यवस्थासमेत अब संविधानमा आवश्यक पर्ने होइन ।

संविधान संशोधनको अन्तरवस्तुमा विवाद भए पनि नभए पनि समयसापेक्ष संविधान संशोधनको मान्यतालाई प्रत्येक मुलुकको संविधानले स्वीकार गर्दै आएको देखिन्छ । जस्तै- संविधानको धारा २६५ ले संविधानको भाग २७ बमोजिम गठन भएका आयोगको सङ्घीय संसद्ले यो संविधान प्रारम्भ भएको मितिले १० वर्षपछि पुनरवलोकन गर्ने छ भन्ने व्यवस्थाले पनि सोही कुरालाई पुष्टि गर्छ । यद्यपि यसको दायरा र क्षेत्रबारे प्रत्येक संविधानले अलग अलग व्यवस्था गरेको पाइन्छ । संविधान संशोधनको प्रक्रिया पनि प्रत्येक मुलुकले आफ्नै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक मान्यता अनुरूप तय गरेको पाइन्छ । सविधानको के कस्तो भाग वा विषयलाई संशोधन गर्ने वा नगर्ने र के कस्तो भाग वा विषय असंशोधनीय बनाउने भन्नेबारे पनि मतैक्य पाउन सकिन्न । वस्तुतः संविधानको संशोधन प्रत्येक मुलुक र समाजको राष्ट्रिय हित र विकास एवं आवश्यकता अनुरूप नै हुनु पर्छ र यही नै उपयुक्त र व्यावहारिक पनि देखिन्छ । किनकि लोकतन्त्र आफैँमा स्थिर र परिवर्तन हुनै नसक्ने वस्तु होइन । यो कुनै एउटा रूप वा चरित्रमा मात्रै अवस्थित हुने वस्तु होइन । समय र परिस्थितिमा आएको परिवर्तन सँगसँगै स्वयम् लोकतन्त्र र संविधानको आधारभूत संरचनामा समेत विकास र परिवर्तन हुन सक्छ भन्ने मान्यतालाई आत्मसात् गर्ने हो भने संविधानको आधार भूत संरचनाबारे गरेको व्यवस्था सही र युक्तियुक्त देखिन्छ भने अहिले हामीले जस्तो रूपमा लोकतन्त्रलाई हेरेका र भोगेका छौँ, त्यो रूप नै एक मात्रै अकाट्य र अचुक रूप हो भन्ने कुरालाई स्वीकार गर्दै आज हामीले जे जस्तो विषयवस्तुलाई संविधानको आधार भूत संरचना मानेका छौँ, त्यो सधैँ अचुक रहन सक्दैन । यसर्थ संविधान संशोधन आवश्यक देखिन्छ ।

# अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पुरस्कार




झापा(प्रस)। प्रधानमन्त्री केपी शर्मा ओलीले साफ महिला फुटबल, एसियाली कराँते र कावा बिच भलिबल खेलमा पदक विजेता खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूलाई सम्मान र पुरस्कार प्रदान गरेका छन् । युवा तथा खेलकुद मन्त्रालयले मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको कार्यक्रममा मन्त्रिपरिषदको मंसिर २८ गतेको निर्णयबमोजिम पुस्कार प्रदान गरिएको हो।प्रधानमन्त्री ओलीको निर्देशनपछि खेल क्षेत्रमा दिइने पुरस्कारमा कर छुट हुँदै आएको छ।

गत कात्तिक १ गतेदेखि १४ गतेसम्म काठमाडौंमा भएको साफ वुमन च्याम्पियनसिप फुटबलमा पदक विजेता अमृता जैसी, मुख्य प्रशिक्षक राजेन्द्र तामाङ र व्यवस्थापक वृन्दा देवानलगायत तथा चीनको हाइजाओमा गत असोज १ गतेदेखि ७ गतेसम्म भएको २० औं एसियाली कराँते च्याम्पियनसिपमा पदक विजेता एरिका गुरूङ, मुख्य प्रशिक्षक कुशल श्रेष्ठलगायतलाई पुरस्कार प्रदान गरिएको छ।

यस्तै गत साउन १७ गतेदेखि २० गतेसम्म भूटानको थिम्पुमा भएको कावा बिच महिला तथा पुरुष भलिबल प्रतियोगितामा विजेता कमला पुन, मनिषकुमारी चौधरी, प्रशिक्षक रुपेशकुमार विष्टलाई पुरस्कार प्रदान गरिएको हो।

खेल क्षेबाट अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको गौरव वृद्धिमा महत्वपूर्ण योगदान दिएकामा उनीहरुलाई सम्मान र पुरस्कार प्रदान गरिएको हो।

कार्यक्रममा प्रधानमन्त्री ओलीले विजेतालाई बधाई दिँदै हिम्मत लियो भने खेल जित्न सकिन्छ भन्ने उच्च मनोबल लिएर प्रतियोगितामा लाग्न आग्रह गर्दै खेलमा टिम स्पिरिट र कम्बिनेसन महत्वपूर्ण हुने बताए।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता भई पुरस्कार दिन बाँकी अन्य खेलाडीहरूको विवरण छिटो पठाइदिन सम्बन्धित पक्षलाई आग्रह गर्दै आएको बताएका थिए।

# कचनकवलका विद्यालयमा ८ दिनको जाडो विदा

झापा(प्रस) । कचनकवल गाउँपालिकाले आफ्नो पालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरुलाई ८ दिनको लागि जाडो विदा दिएको छ । भोलिदेखि माघ १ गतेसम्मका लागि त्यहाँका




विद्यालयहरुलाई विदा दिइएको हो । गाउँपालिकाको मंगलवार बसेको बैठकले वर्षे बिदाबाट कट्टा हुने गरी जाडोको विदा दिने निर्णय गरेको हो । विद्यालयहरूले विदापछिको शैक्षिक तालिका समायोजन गर्ने निर्णय गरेका छन् ।

# सामाजिक सुरक्षामा श्रम अडिट




झापा(प्रस) । श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षालाई सुनिश्चित गर्न श्रम अडिटलाई प्रभावकारी बनाउने भएको छ । यसका लागि सामाजिक सुरक्षा कोष र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबीच सूचना आदनप्रदान गर्ने समझदारी भएको छ ।

श्रम अडिटलाई प्रभावकारी बनाउन कोष र बिभागवीच अनलाइन संयन्त्रलाई जोड्ने भएको हो । विभागले श्रम प्रशासनलाई चुस्त, दुरुस्त र छिटो छरितो तरिकाले अनलाइनबाट सेवा प्रवाह गर्न श्रमसम्बन्धी एकीकृत श्रम व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा छ । कोषको पनि आफ्नै अनलाइन संयन्त्र छ । अब यी दुई संयन्त्रको सूचना आपसमा जोडिँदा रोजगारदाता कोषमा आबद्ध भए नभएको विभागको जानकारीमा आउनेछ । विभागको तर्फबाट उपमहानिर्देशक विपिन राजभण्डारी र कोषको तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारीले हस्ताक्षर गरेका छन् । कोषका अध्यक्षसमेत रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सचिव मुकुन्दप्रसाद निरौलाले अन्तरनिकायबीच एक अर्कालाई आवश्यक पर्ने सूचना तथा तथ्याङ्क आदानप्रदान गरी श्रमसम्बन्धी कानुनहरूको परिपालनाको साथै सामाजिक सुरक्षाको सुनिश्चतता गराउने बताए ।

श्रम मन्त्रालयका अनुसार दुवै निकायहरूले श्रम कानुनको परिपालना, सामाजिक सुरक्षाको सुनिश्चितताको विषयमा श्रम निरीक्षण, श्रम अडिट तथा अनुगमनका क्रममा प्रभावकारितामा वृद्धि हुनेछ । 'श्रम कानुनको परिपालना नहुने अवस्थाको अन्त्य हुने, व्यवसायजन्य सुरक्षा र सामाजजिक सुरक्षाको प्रत्याभूति, औपचारिकताको प्रवर्द्धन हुने, असल श्रम सम्बन्ध कायम भई उत्पादकत्व वृद्धि हुनुका साथै श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को प्रभावकारी कार्यान्वयनबाट सुशासन प्रवर्द्धन एवं समग्रमा श्रम सम्वन्धमा गुणात्मक सुधार भई उद्योग व्यवसायको विकास र विस्तारमा समेत टेवा पुऱ्याउने विश्वास लिइएको छ,' श्रम प्रवक्ता डण्डुराज घिमिरेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# बिपीन छुट्ने प्रतीक्षामा नेपाल सरकार



झापा(प्रस)। हमास आतंककारी समूहले इजरायलको गाजा नजिकैको सहरबाट अपहरण गरी लगेका बन्दीमध्ये ३४ जनालाई अपहरण मुक्त गर्ने भएको छ। सन् २०२२ को अक्टोबर ७ मा सयौं सर्वसाधारण अपहरणमा परेका थिए। प्यालेस्टिनी लडाकू समूह हमासले इजरायलसँग युद्धविराम भएमा पहिलो चरणमा बन्दी रिहा गर्ने सूचना सार्वजनिक गरेको हो। सो समूहले दिएको ३४ बन्धकको सूचीमा इजरायली नागरिक मात्र रहेको बताइएको छ। तर इजरायल सरकार भने यस विषयमा केही थाहा नभएको जनाएको छ। यसअघि आफ्नो नियन्त्रणमा एक सय जना बन्दी रहेको सार्वजनिक जानकारी गराएको हमास समूहले पहिलो सूचीमा ती ३४ जना रिहा गरिने जनाएको हो। दश जना १० महिलासहित ५० देखि ८५ वर्षसम्मका बन्दकलाई पहिलो चरणमा रिहा गर्न लागिएको तथा यसमा महिला, बालबालिका र बृद्धबृद्धालाई प्राथमिकता दिइएको हमासले सूचनामा जनाएको छ।सन् २०२२ को अक्टोबरमा हमासले गरेको सो आक्रमणमा परी १० जना नेपालीसहित एक हजारभन्दा बढीको ज्यान गएको थियो। सोही हमलापछि हमासका लडाकुले नेपाली युवा बिपीन जोशीलगायतलाई अपहरण गरेर प्यालेस्टिनी भूमितर्फ लगेका थिए। नेपाल सरकारले बिपीनको रिहाइका लागि कूटनीतिक प्रयासलाई जारी राखेको छ। केही समय अघिको एक भिडियो फुटेजमा बिपीन जीवितै रहेको सूचना नेपालले प्राप्त गरेको थियो।

# सगरमाथा निकुञ्जले खोल्यो हेलिकोप्टर उडान

झापा(प्रस)।वन, वन्यजन्तु तथा जैविक विविधतामा बाधा तथा असर नपुग्ने गरी सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा हेलिकोप्टर उडान, अवतरण र होभरिङ गर्न खुला गरिएको छ ।

निकुञ्जकी वरिष्ठ संरक्षण अधिकृत सुष्मा रानाले सोमबार साँझ ११ वटा हेलिकोप्टर कम्पनीलाई पत्र लेखेर सगरमाथा क्षेत्रमा कानुनले तोकेको राजस्व बुझाई हेलिकोप्टर उडान, अवतरण र होभरिङ गर्न सबै कम्पनीलाई अनुरोध गरेकी छन् । सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका तर्फबाट अधिकृत रानाले यसअघि मंसिर २६ मा हेलिकोप्टर उडानले हुने अत्यधिक ध्वनि प्रदूषणका कारण निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बस्ती तथा वन्यजन्तुको बासस्थानमा असर परेको जनाउँदै व्यावसायिक हेलिकोप्टर



उडानलाई पुष १७ देखि पूर्ण रूपमा रोक लगाएको भनी सबै ११ हेलिकोप्टर कम्पनीलाई पत्र लेखेकी थिइन् ।

निकुञ्जको निर्णयअघि मंसिर २२ मा खुम्बु पासाङल्हामु गाउँपालिका चौरीखर्कले पनि पुष १७ (१ जनवरी २०२५) देखि संरक्षित क्षेत्रमा व्यावसायिक उडानमा रोक लगाउने निर्णय गरेको थियो । निकुञ्ज कार्यालयले हेलिकोप्टर खुला गरेको निर्णयको पत्र हेलिकोप्टर कम्पनीबाहेक नेपालभर उडान अनुमति जारी गर्ने संघीय सरकारअन्तर्गतको प्रमुख निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण, खुम्बु पासाङल्हामु गाउँपालिका, भगवतीप्रसाद गुल्म, नाम्चेबजार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहललगायत ८ निकायलाई दिएको छ ।

वायु सेवा सञ्चालक संघका सदस्य कम्पनीले भने हेलिप्याडमा राखिएका अवरोध हटाउनुपर्ने र खुम्बु पासाङल्हामु गाउँपालिकाले पनि हेलिकोप्टर उडानमा अवरोध हटाएको पत्र पठाउनुपर्ने भनेका छन् ।


# नेपाली विद्यार्थीका लागि 'क्यानडा समिट' हुँदै



झापा(प्रस) । क्यानडा अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीका लागि लक्षित गरेर 'क्यानडा समिट २०२५' आयोजना हुने भएको छ।

जनवरी ९ तारिखका दिन इन्टरनेशनल करियर काउन्सिलिङ सेन्टर (आइसिसिसी)ले बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म कार्यक्रम आयोजना गर्न लागेको आइसिसिसीका प्रबन्ध निर्देशक राम खड्काले जानकारी दिए । कार्यक्रम आइसिसिसीको कार्यालय पुतलीसडकमा हुनेछ। कार्यक्रममा सेन्टेनियल कलेज, लेकहेड युनिभर्सिटी, एसएआइटी, दरहम कलेज, सेनेका पोलिटेक्निक र जर्जियन कलेजजस्ता प्रसिद्ध क्यानेडियन संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया गर्ने मौका प्राप्त हुनेछ। सहभागीले विशेषज्ञसँग छलफल गर्ने र आफ्ना शैक्षिक योजनाका लागि व्यक्तिगत मार्गदर्शन प्राप्त गर्ने आइसिसिसीको दाबी छ।

# 'सपनीमा' सार्वजनिक



झापा(प्रस) ।चलचित्र 'मिसिङः केटी हराएको सूचना' को गीत 'सपनीमा' सार्वजनिक भएको छ । ललितपुरको पुल्चोकमा आयोजित एक कार्यक्रममा सार्वजनिक गरिएको गीतमा कलाकारद्वय नाजिर हुसेन र सृष्टि श्रेष्ठ प्रेमिल अवतारमा प्रस्तुत भएका छन् । गीतकार करुण थापाको शब्द र सङ्गीत रहेको 'सपनीमा' मा इन्दिरा जोशी र करण परियारको स्वर रहेको छ । चलचित्रका निर्देशक दीपेन्द्र गौचनले सङ्गीतप्रतिको आफ्नो लगावका कारण कथा सुहाउँदो गीत तयार पारिएको बताए । 'मिसिङः केटी हराएको सूचना' ले तराईको जीवन्त पृष्ठभूमिलाई आधार बनाएको छ । यसले पहाडी समुदायका युवा र मधेशी समुदायकी युवतीको रहनसहन र मेलमिलापबारेको कथालाई देखाउँछ । चलचित्रमा सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाललगायतका कलाकारलाई पनि देख्न सकिन्छ ।

# कृषक समूहलाई अनुदानमा हातेट्रयाक्टर



झापा(प्रस) । हलेसी तुवाचुङ नगरपालिकाले १२ कृषक समूहलाई हातेट्र्याक्टर उपलब्ध गराएको छ । नगरपालिकाको ६० तथा कृषक समूहको ४० प्रतिशत लागत साझेदारीमा प्रतिगोटा रु ६९ हजारका दरले खरिद गरिएको हातेट्र्याक्टर नगरभित्रका विभिन्न १२ कृषक समूहलाई उपलब्ध गराइएको हो ।

प्रविधिमैत्री कृषि प्रणाली लागू गर्ने नगरपालिकाको योजनासहित कृषक समूहलाई हातेट्र्याक्टर उपलब्ध गराइएको नगर प्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । "हाम्रो नगरपालिका सुक्खाग्रस्त क्षेत्रमा पर्छ । घाँस अभावका कारण किसानले गोरु पाल्न छाडिसकेका छन्", उनले भने, "खेतबारी जोत्ने गोरु भएका कारण धेरै किसानले आफ्नो खेतबारी बाँझो छाडेका छन् । बाँझो जमिनलाई सदुपयोग गर्दै प्रविधिमैत्री कृषि प्रणाली लागू गर्न विभिन्न १२ वटा कृषक समूहलाई हातेट्र्याक्टर उपलब्ध गराइएको हो ।"

नगर प्रवक्ता गिरीका अनुसार वडा नं १ बाहुनीडाँडामा एक, वडा नं ४ बडहरेमा एक, वडा नं ५ दुर्छिममा एक, वडा नं ७ महादेवस्थानमा एक, वडा नं ८ धितुङ्मा एक, वडा नं ९ सल्लेमा एक तथा वडा नं ११ राजापानीमा छवटा हातेट्र्याक्टर वितरण गरिएको छ । गोरु अभावमा खनजोत गर्न नपाएर समस्या भोग्दै आएका किसान लागत साझेदारीमै भए पनि ६० प्रतिशत अनुदान (रु ४१ हजार चार सय)मा ट्र्याक्टर पाएपछि हर्षित भएका छन् ।


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

- **मेष**: आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ ।
- **वृष**: वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।
- **मिथुन**: आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।
- **कर्कट**: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।
- **सिंह**: आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।
- **कन्या**: चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।
- **तुला**: आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
- **वृश्चिक**: पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।
- **धनु**: आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।
- **मकर**: आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।
- **कुम्भ**: मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
- **मिन**: कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।